

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ८ गते सोमबार ❑ 24 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## चालु आवको मौद्रिक नीति सार्वजनिक

**रासस**
काठमाडौं, ७ साउन

चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले केही महत्वपूर्ण व्यवस्था कार्यान्वयनमा ल्याएको छ।

आवासीय कर्जाको सीमा तथा डलर सटही सुविधाको सीमा बढाउने, नीतिगत दर तथा निक्षेप सङ्कलन बोलकबोल दर घटाइ नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत राख्नेलगायतका व्यवस्था चालु आर्थिक वर्षको मौद्रिक नीतिमा राखिएका छन्।

त्यस्तै, नीतिगत व्यवस्थातर्फ चालु कर्जा मार्गदर्शन संशोधन गर्ने, शेयर, घरजग्गा तथा सवासी कर्जाको जोखिम भारसम्बन्धी व्यवस्था पुरावलोकन गर्ने, बैकिङ कसुर ऐन, २०६४ संशोधन गर्ने, आन्तरिक कर्जा जोखिम वर्गीकरण गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेलगायतका व्यवस्था मौद्रिक नीतिमा राखिएका छन् । चालु आर्थिक वर्षको मौद्रिक नीतिले मूल्यवृद्धि नियन्त्रण र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै अर्थतन्त्रलाई चलायमान बनाउने लक्ष्य राखेको राष्ट्र बैंकले जनाएको छ। त्यस्तै,




वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई आन्तरिक उत्पादन क्षमता अभिवृद्धि गर्ने विषय मौद्रिक नीतिको प्राथमिकता रहेको जनाइएका छ । ठूला कर्जाहरुको अनुगमन, नियमन तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउने, कर्जाको अधिकेन्द्रीकरण कम गर्दै लैजाने, साना तथा मझौला उत्पादनशील कर्जालाई प्राथमिकता दिने र कर्जाको गुणस्तर तथा पहुँच अभिवृद्धि गरी वित्तीय स्थायित्व प्रवर्द्धन गर्नेतर्फ मौद्रिक नीति केन्द्रित रहेको राष्ट्र बैंकले जनाएको छ । चालु आर्थिक वर्षको मौद्रिक नीतिबाट राष्ट्र बैंकले नीतिगत दर घटाएको छ भने बैंक तथा वित्तीय संस्थाको अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत छ । नीतिगत दरलाई ५० आधार बिन्दुले घटाई छ दशमलव पाँच प्रतिशत कायम गरिएको छ । त्यस्तै, बैंकदर यथावत राखिएको छ भने निक्षेप सङ्कलनको बोलकबोल दरलाई पाँच दशमलव पाँच प्रतिशतबाट एक प्रतिशत बिन्दुले घटाएर चार दशमलव पाँच प्रतिशत कायम गरिएकोछ।

बैंक दरमा स्थायी तरलता सुविधा र नीतिगत दरमा ओभरनाइट तरलता सुविधा उपलब्ध हुने व्यवस्थालाई यथावत राखिएको छ। ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप सङ्कलन सुविधा उपलव्ध गराउने व्यवस्था गरिने राष्ट्र बैंकले जनाएको छ । बैंक तथा वित्तीय संस्थाको विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई भने यथावत राखिएको छ।

चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत आवासीय घर कर्जाको सीमा बढाइएको छ। यसअघि पहिलो आवासीय घर कर्जाको सीमा रू एक करोड ५० लाख रहेकामा त्यसलाई वृद्धि गरी रू दुई करोड पुऱ्याइएको छ । त्यस्तै, शेयर धितो, रियल स्टेट तथा हायर पर्चेज कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गरिनेछ राष्ट्र बैंकले जनाएको छ। लघुवित्त संस्थालाई मर्जर गर्ने नीति राष्ट्र बैंकले जनाएको छ। विसं २०८१ असार मसान्तसम्म एकीकृत कारोबार सञ्चालन गरेमा विद्यमान सुविधा उपलब्ध हुनेगरी लघुवित्त वित्तीय संस्थाको मर्जर र प्राप्तिलाई प्रोत्साहन गरिने जनाइएको छ। विदेश जाने नेपालीले पाउने डलर सटही सुविधा अमेरिकी डलर एक हजारले बढेको छ । हाल भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी सुविधावापत एक वर्षमा दुई पटकसम्म अमेरिकी डलर एक हजार पाँच सयसम्म सटही सुविधा दिइने गरिएकामा त्यसलाइ परिमार्जन गरी अमेरिकी डलर दुई हजार पाँच सय पुऱ्याइएको छ।

## एमालेलाई अब जुरुक्कै उठाउछौ - एमाले सचिव विष्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन



ने क पा एमालेका सचिव एवम् गण्डकी प्रदेश कमिटिका इन्चार्ज गोकर्ण विष्टले आफुहरु बिगतका घटनाबाट पाठ सिक्दै एमालेलाई बहुमत सहितको पार्टीको रूपमा स्थापित गर्ने उद्घोष गरेका छन।

अब एमालेलाई जुरुक्कै उठाउने गरि कार्यक्षेत्रमा एबम जनताको घर घर मा गएर खटिनु पर्ने उल्लेख गरे। ने क पा ( एमाले ) कास्कीको आयोजनामा आयोजित नेपाल कम्युनिस्ट पार्टीका महासचिव पुष्पलालको ४५ औं स्मृति दिवसको अबशरमा "नेपालको कम्युनिस्ट आन्दोलन कमरेड पुष्पलालको योगदान "बिषयक प्रबचन कार्यक्रमलाई सम्बोधन गर्दै सचिब बिष्टले बिगतका बिकासमा गरेका काम संगै आफ्ना योजना र बिकासका खाका जनतालाई बुझाउन सबैलाई आग्रह गरे।

कार्यक्रममा स्थायी कमिटी सदस्य खगराज अधिकारीले पुष्पलालको योगदानको चर्चा गर्दै उहाँको बिचार कयौं दशक सम्म सान्दर्भिक रहने उल्लेख गरे। अधिकारीले नेपाली राजनितीको पहिलो र नेतृत्वदायी पार्टी कम्युनिस्ट पार्टी भएको दाबी गर्दै त्यसको नेतृत्व अहिले एमालेले गरिरहेको बताउदै भोलि पनि नेतृत्व एमालेले नै गर्ने उल्लेख गरे। कास्की इन्चार्ज तथा स्थायी कमिटी सदस्य थममाया थापाले बिकास र समृद्धिको खाका निर्माणका लागि पुष्पलालको योगदान अतुलनीय रहेको बताइन।

एमाले कास्कीका अध्यक्ष मन बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न प्रबचन कार्यक्रममा स्वागत उपाध्यक्ष तेजनारायण अधिकारी र संचालन सचिब बैन बहादुर अधिकारीले गरेका थिए।

## सुन तस्करी प्रकरण : छ जनामाथि अनुसन्धान गर्न छ दिनको म्याद

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

झन्डै एक सय किलो सुन तस्करी प्रकरणमा पक्राउ परेका छ जना भन्सार कर्मचारी र एजेन्टमाथि थप अनुसन्धान गर्न आइतबार उच्च अदालत पाटनले ६ दिनको म्याद दिएको छ।

राजस्व अनुसन्धान विभागका सूचना अधिकारी नवराज अधिकारीले पक्राउ परेका भन्सार अधिकृत सन्तोष चन्द, जाँचकी कुमार ढकाल, एक्स-रे अपरेटर सरोज श्रेष्ठ तथा भन्सार एजेन्टहरु सुदर्शन गौतम, रुकमेणा सुब्बा र यादव पराजुलीमाथि अनुसन्धान गर्न उच्च अदालत पाटनबाट ६ दिनको म्याद लिएर अनुसन्धान थालिएको जानकारी दिनुभयो । उनीहरुलाई विभागले आजै पक्राउ गरेको थियो।

यसअघि सुन बरामद भएकै दिन गत बुधबार पक्राउ परेका छ जनामाथि १० दिन र त्यसको अर्को दिन पक्राउ परेका चारजनामाथि नौ दिनको म्याद थप गरी अनुसन्धान थालिएको थियो । नौ दिन म्याद थप भएकाहरूमा चिनियाँ नागरिक जेयुङ लिनसहित कार्गो कम्पनीका सञ्चालकहरू राजन श्रेष्ठ, कृष्ण श्रेष्ठ र पुष्करराज भट्ट रहेका छन् । यस्तै १० दिन म्याद लिएर अनुसन्धान जारी रहेकाहरुमा सुन ओसारपसारमा संलग्न गराइएको ट्याक्सीका चालक अशोक रानामगर, भन्सार एजेन्ट राजेन्द्रकुमार राई, सुन ल्याउने कम्पनी रेडी ट्रेड प्रालिका सञ्चालक दिलीप भुजेल, सहयोगीहरू हर्कराज राई, थुक्पिन छिरिङ र रामकुमार भुजेल रहेका छन् । यही साउन ३ गते बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा गरेको अपरेसनमा विमानस्थलको भन्सार पास भएर ट्याक्सीमा लैजान लागिएका बेला भन्सार कार्यालय अगाडिबाट विभागले झन्डै एक सय किलो सुन बरामद गरेको थियो । हङकङबाट ल्याइएको उक्त सुनको परीक्षण र तौल लिनका लागि नेपाल राष्ट्र बैंकको टक्सार महाशाखामा पठाइएको छ।

## 'पुष्पलालको वैचारिक मार्गदर्शनमा मुलुकलाई अग्रसर गराउनुपर्छ'

**रासस**
काठमाडौं, ७ साउन

नेकपा (एमाले)का कार्यवाहक अध्यक्ष ईश्वर पोखरेलले पुष्पलाल श्रेष्ठको वैचारिक मार्गदर्शनमा मुलुकलाई अग्रसर गराउनुपर्नेमा जोड दिनुभएको छ ।

एमाले काठमाडौँ जिल्ला कमिटीले आज यहाँ आयोजना गरेको 'समाज रूपान्तरणमा पुष्पलालको भूमिका' विषयक विचार गोष्ठीमा उहाँले पुष्पलाल कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने अभियानमा लाग्नुभएको बताउनुभयो।

पुष्पलालले कम्युनिष्ट पार्टीलाई एकताबद्ध बनाउन विचारमात्र नभएर सङ् गठनलाई व्यवस्थित गरेको नेता पोखरेललेको भनाइ छ। पुष्पलालको सपना साकार पार्न जनताको सबै आवश्कयता जोडिएको परि पूर्ण लोकतन्त्रलाई व्यवहारमा अनुवाद गर्दै आमजनताको जीवनस्तर उठाउने कार्यक्रम अगाडि सार्नुपर्ने उहाँले बताउनुभयो।

"पुष्पलालले विचार, दर्शन र सामाजिक मूल्य मान्यताको तहबाट एउटा नयाँ वास्तविक र सम्पूर्णरूपमा परिवर्तनकारी र वैज्ञानिक विचार प्रारम्भ गरी त्यस विचारलाई व्यवहारमा प्रयोग गर्न सङ्गठन चाहिन्छ भन्ने सैद्धान्तिक आधारमा सङ् गठन निर्माण गर्नुभयो । यो नेपालको वाम-लोकतान्त्रिक आन्दोलनमा पुष्पलालको साँच्चिकै श्रेष्ठ योगदान हो", कार्यवाहक अध्यक्ष पोखरेलले भन्नुभयो। पुष्पलाल जस्तोसुकै अवस्थामा रहे पनि उहाँको आस्था, विश्वास कहिल्यै नडगमाएको नेता पोखरेलले बताउनुभयो। उहाँले पुष्पलालका विचार, बाटो, दृष्टिकोण अहिलेको सङ्कल्प रहेको बताउनुभयो।

कांग्रेस नेता चन्द्र भण्डारीले पुष्पलाल नेपालको प्रजातान्त्रिक आन्दोलनका निम्ति सबै दलसँगै जानुपर्दछ तबमात्र मुलुकलाई प्रजातान्त्रिक प्रक्रियामा लैजान सक्दछौं र स्वतन्त्र बनाउन सक्छौं भन्ने अभियानमा लाग्नुभएको बताउनुभयो। उहाँले पुष्पलालले बोकेको लक्ष्यमा नेपालका राजनीतिक दल छ कि छैनन् त्यसको समीक्षा गर्न आवश्यक रहेको बताउनुभयो। "पुष्पलाल कांग्रेसको कार्यालयको सचिव पनि हुनुहुन्थ्यो", उहाँले भन्नुभयो, "त्यो बेलाको उहाँको जोस, जाँगर र विद्रोह यति ठूलो थियो कि मैले छुट्टै पार्टी गठन गर्नुपर्दछ। संसारका मजदुरको मैले भारी बोक्नुपर्दछ भन्ने लाग्यो र कम्युनिष्ट पार्टी गठन गर्नुभयो।"

नेपालका लागि भारतका पूर्वराजदूत नीलाम्बर आचार्यले पुष्पलालले नेपालको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाएको बताउनुभयो । उहाँले पुष्पलालको एकता र संयुक्त आन्दोलनको सन्देशलाई मुलुकका प्रमुख समस्या समाधानमा संयुक्त प्रयासको सन्देशमा परिणत गर्नुपर्ने धारणा राख्नुभयो । पुष्पलालले मार्क्स र एङ्गेल्सद्वारा लिखित 'कम्युनिस्ट पार्टीको घोषणापत्र'को पहिलो पटक नेपाली भाषामा अनुवाद गरी पुस्तकमा नेपाली समाजको वर्ग विश्लेषण गर्नुभयो । कम्युनिष्ट घोषणापत्र लेखेपछि उहाँकै नेतृत्वमा २००६ साल वैशाख १० गते नेपालमा पहिलो पटक नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्थापना भयो । नेकपाको पुष्पलाल संस्थापक महासचिव हुनुहुन्थ्यो । विसं १९८१ असार १५ गते रामेछापको भँगेरीमा जन्मनुभएका श्रेष्ठको २०३५ साउन ७ गते भारतको गोविन्दबल्लभ पन्त अस्पतालमा उपचारका क्रममा निधन भएको थियो।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ।

त्यसैले:

◆ खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
◆ पानी उमालेर मात्र पिऔं।
◆ उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं।
◆ पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपालका प्रज्ञा प्रतिष्ठानबीच पोखरामा अन्तरक्रिया कार्यक्रम हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

नेपालका प्रज्ञा प्रतिष्ठानबिच पोखरामा अन्तरक्रिया कार्यक्रम आयोजना हुने भएको छ।

गण्डकी प्रज्ञा प्रतिष्ठानमा साउन १३ गते शनिबार आयोजना हुने अन्तरक्रिया कार्यक्रममा गण्डकी सहित नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठान, मधेश प्रज्ञा प्रतिष्ठान र सुदुरपश्चिम प्रज्ञा प्रतिष्ठानको सहभागीता रहनेछ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा हुने यो कार्यक्रममा सबै प्रतिष्ठानले कार्यपत्र प्रस्तुत गर्ने आयोजक प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी



दिए। प्रतिष्ठानका बिचमा अनुभव आदानप्रदान तथा सम्बन्ध बिस्तार गर्ने उद्धेश्यले यो कार्यक्रमको आयोजना गर्न लागिएको उनले खुलाए । अन्तरक्रिया कार्यक्रम सहित अन्य विभिन्न छलफल तथा भेटघाट कार्यक्रम समेत हुने उनको भनाई छ। 'यो साउन १२, १३ र १४ गते हुने तीन दिने कार्यक्रम हो, मुख्य कार्यक्रम १३ गते शनिबार हुनेछ, सो कार्यक्रम मार्फत एउटा निष्कर्षमा पुग्ने प्रयास गर्छौं' उनले भने । कार्यक्रममा प्रतिष्ठानका कुलपति, उपकुलपति र सदस्य सचिवले सहभागीता जनाउनेछन् । केही कार्यक्रम प्रतिष्ठानहरुबिच सहकार्य गरेर गर्दा प्रभावकारी हुने भएकोले सहकार्यको वातावरण समेत यो कार्यक्रमबाट बन्ने उनको विश्वास छ । यसैगरी स्वामी विवेकानन्द कल्चरल सेन्टर काठमाण्डौं तथा गण्डकी प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा दूई दिने फोटो प्रर्दशनी कार्यक्रम समेत हुने भएको छ। यो प्रर्दशनी पोखरा सभागृहमा साउन १० र ११ गते हुने भएको हो । यी दुई कार्यक्रमलाई भव्य बनाउन तयारीमा तिव्रता दिइएको गण्डकी प्रज्ञा प्रतिष्ठानले जनाएको छ।

# विदेशबाट फर्केर मादल बनाउँदै कमल

**पोखरापत्र संवाददाता**
वालिङ, ७ साउन

बुवाबाट मादल बनाउने सीप सिक्नुभएका कमल गन्धर्वले अन्ततः यसैलाई आम्दानीको मुख्य स्रोत बनाउनुभएको छ। पाल्पाको रामपुरका गन्धर्वले स्याङ्जाको पुतलीबजार-१० राङखोलामा 'प्रेम मादल उद्योग' मार्फत मादल उत्पादन गरी बिक्री गर्दै आउनुभएको हो।

बुवासित मादल बनाउने काम गर्दा गर्दै जागिरको खोजीमा विदेश पुग्नुभएका उहाँले विदेशको बसाइलाई बिटमार्दै फेरि मादल बनाउने पेसामै फर्कनुभएको छ। हाल उहाँले यसैलाई व्यावसायिक रुपमा अगाडि बढाउने योजनाका साथ सक्रिय हुनुभएको छ । "बुवासँगै मादल बनाउन सिक्नदै र बनाउँदै गर्दा कामको खोजीमा विदेश गएँ", उहाँले भन्नुभयो, "पाँच वर्ष चार महिना विदेशी भूमिमा पसिना बगाएँपछि स्वदेश फर्किएर आफ्नै व्यवसाय सुरु गरेको हो।" राङखोलामा आफ्नो छुट्टै मादल उद्योग सञ्चालन गर्नुभएका गन्धर्वलाई नयाँ मादल बनाउने, मर्मत गर्नेलगायतका काम गर्न अहिले भ्याइनभ्याइ छ। रु चार लाख लगानीमा व्यवसाय सुरु गर्नुभएका गन्धर्वले वार्षिक रु तीन लाखभन्दा बढी आम्दानी गरिरहनुभएको बताउनुभयो। नयाँ मादल बनाउनुकासाथै पुराना मादल, मिर्दुङ्गा, नगरा, डम्मरु,



खैँजडी, नेवारी बाजा मर्मतबाट उहाँले आम्दानी गरिरहनुभएको छ । "अहिले नयाँ बाजाका सेट तथा बाजाका सेट बनाउन र मर्मत गर्न भ्याइनभ्याइ छ", उहाँले भन्नुभयो, "यहाँ उत्पादन भएका मादल तथा बाजाका सेटहरु स्याङ्जा, वालिङ, गल्याङ, पाल्पाको रामपुर, पोखरालगायतका ठाउँमा बिक्री हुने गरेको छ।

मादल बनाउनका लागि रातो उत्तिसको काठ प्रयोग हुन्छ । काठ धादिङबाट आउने गरेको छ भने छाला भारतबाट ल्याउने उहाँले बताउनुभयो । मादलको आकारअनुसार रु एक हजार आठसयदेखि रु दुई हजार पाँचसयसम्ममा बिक्री हुन्छ । मागअनुसार काम गर्न कामदारको प्रयोग गर्दै आउनुभएको छ । "विदेशी भूमिमा बगाएको पसिना स्वदेशी भूमिमा बगाउन पाउँदा खुसी लागेको छ", उहाँले भन्नुभयो, "विदेशको बसाई छोट्याएर फर्केपछि आफ्नै ठाउँमा सुरु गरेको पुर्ख्यौली पेसाबाट म सन्तुष्ट छु।"

# पर्यटक आगमन ४५ प्रतिशतले बढ्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ साउन

मुस्ताङ घुम्ने पर्यटकको सङ्ख्या ४५ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०७८/७९ को तुलनामा गत आव २०७९/८० मा मुस्ताङमा ४५ दशमलव ७५ प्रतिशत बढी पर्यटक भ्रमणमा आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को इलाका संरक्षण कार्यालय जोमसोमले जनाएको छ।

एक्याप जोमसोमका प्रमुख अशोक सुवेदीले आव २०७९/८० मा कूल ७१ हजार सात सय सात विदेशी पर्यटक मुस्ताङ भित्रिएका जानकारी दिनुभयो । "यो सङ्ख्या कोभिडअघि र पछिको पर्यटकीय तथ्याङ्कमा अहिलेसम्मकै उच्च वृद्धि हो", उहाँले भन्नुभयो, "आव २०७८/७९ मा कूल ३८ हजार आठ सय ९६ विदेशी पर्यटक भित्रिएका थिए।"

अघिल्लो आवको तुलनामा ३२ हजार आठ सय ११ जना बढी पर्यटक मुस्ताङ भ्रमणमा आएका हुन्। आर्थिक वर्ष २०७९/८० मा सार्क देशका ५९ हजार तीन सय १० जना र तेस्रो मुलुकका छ हजार सात सय ४९ जना पर्यटकले मुस्ताङ भ्रमण गरेका हुन् । अघिल्लो वर्ष सार्क देशका ३६ हजार एक सय ५३ जना र तेस्रो देशका दुई हजार सात सय ४३ जनाले मुस्ताङ जिल्लाको भ्रमण गरेका थिए। पाँच हजार छ सय ४८ जना अन्नपूर्ण चक्रीय पदमार्गको थोराङ्ला भञ्ज्याङ पारेर गरेर मनाङ हुँदै मुस्ताङ आएका हुन् । थोराङ पास गरेर मुस्ताङ आएका पाँच सय ६० जना सार्क मुलुक र पाँच हजार ८८ जना तेस्रो मुलुकका छन् । अघिल्लो वर्षको तुलनामा अन्नपूर्ण चक्रीय पदमार्ग भएर मुस्ताङ भित्रिने पर्यटकको सङ्ख्या ८७ प्रतिशतले बढेको छ । आव २०७८/७९ मा पाँच हजार छ सय ४८ जना थिए । वैशाख महिनामा सबैभन्दा बढी १६ हजार एक सय ३७ र कम माघ महिनामा छ सय २० पर्यटक आएका थिए।

अर्ध निषेधित क्षेत्रका रूपमा रहेको उपल्लो मुस्ताङमा तीन हजार तीन सय ८८ जना पर्यटकले भ्रमण गरेका छन् । गत वर्ष अनुकूल मौसम, विपद् नभएको, सडक यातायातको सहज पहुँच, होटल तथा लजको सुविधा हुन थालेपछि मुस्ताङमा पर्यटक आगमन बढेको एक्याप जोमसोमका प्रमुख सुवेदीले बताउनुभयो।

उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफा मुस्ताङका आकर्षण हुन् । मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बा ताललगायत मुस्ताङका धार्मिक र पर्यटकीयस्थलमा पर्यटक आगमन पुरानै लयमा फर्किएको छ।

# माओवादी र चिनियाँ नेता भेट

**रासस**
काठमाडौं, ७ साउन

नेपाल भ्रमणमा रहेको चिनियाँ कम्युनिष्ट पार्टीका केन्द्रीय कमिटीका राजनीतिक ब्यूरो सदस्य युआन च्या च्युन नेतृत्वको प्रतिनिधिमण्डलले नेकपा (माओवादी केन्द्र)का नेतासँग भेटवार्ता गरेको छ।

आइतबार साँझ काठमाडौंको होटल द्वारिकाजमा भएको सो भेटवार्तामा दुई देशका कम्युनिष्ट पार्टीबीचको सम्बन्धका विविध आयाममा कुराकानी भएको थियो। भेटमा माओवादी नेताहरूले नेपालको विकास प्रक्रियामा यसअघि चीनबाट हुँदै आएको सहयोगको सराहना गर्दै आगामी दिनमा विविध क्षेत्रमा सहकार्य बढाउन आग्रह गर्नुभएको थियो । "भेटवार्तामा आगामी दिनमा माओवादी केन्द्र र चिनियाँ कम्युनिष्ट पार्टीबीचको सम्बन्धलाई थप प्रगाढ, दुई देशबीचका सरकारबीचको सम्बन्धलाई सुमधुर तथा जनस्तरको सम्बन्धलाई अझ मजबुत बनाउने बारेमा छलफल भयो", भेटमा सहभागी माओवादी केन्द्रका सचिव दीनानाथ शर्माले भन्नुभयो, "नेपालको विकास प्रक्रियामा चीनले दिँदै आएको सहयोगलाई आगामी दिनमा अभिवृद्धि गर्नेलगायत विषयमा कुराकानी भयो ।" चीनले अख्तियार गरेको समाजवादको मोडल नेपालका लागि पनि अनुकरणीय हुन सक्छ भन्दै माओवादी नेताहरूले नेपालको समाजवादको यात्रामा चीनले पनि सहयोग गर्नुपर्नेमा जोड दिनुभएको थियो । माओवादी नेताहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार मुलुकको समृद्धिमा केन्द्रित रहेको उल्लेख गर्दै त्यसमा चीनको सहयोग महत्त्वपूर्ण हुने बताउनुभएको थियो। चिनियाँ प्रतिनिधिमण्डलले नेपालको विकासमा चीनले सहयोग गर्दै आएको र आगामी दिनमा त्यसलाई निरन्तरता दिइने विश्वास दिलाएको नेता शर्माले जानकारी दिनुभयो । चिनियाँ पक्षले दुई देशका सरकार, राजनीतिक पार्टी र जनस्तरको सम्बन्ध अझ कसिलो बन्नुपर्नेमा जोड दिएका थिए।

भेटमा माओवादी केन्द्रका कार्यवाहक अध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, उपाध्यक्षद्वय कृष्णबहादुर महरा र अग्नि सापकोटा, महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव वर्षमान पुन र हरिबोल गजुरेल, सचिव शर्मा र गणेश साह लगायतको सहभागिता थियो । यसअघि चिनियाँ नेता च्युनले राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो। सो अवसरमा दुईपक्षीय हित तथा पारस्परिक सम्बन्ध मजबुत बनाउने विषयमा छलफल भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र चिनियाँ नेता च्युनबीच भर्चुअल संवाद भएको थियो। यस्तै कार्यवाहक प्रधानमन्त्री खड्कासँग चिनियाँ नेता च्युनले शिष्टाचार भेटवार्ता गर्नुभएको थियो। चिनियाँ नेता च्युन नेतृत्वको प्रतिनिधिमण्डल श्रीलङ्काको भ्रमण सम्पन्न गरी आइतबार काठमाडौं आइपुगेको हो।

# खेल प्रशिक्षक, प्राविधिक र खेल प्रशिक्षण केन्द्रहरुको सूचिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

प्रदेश खेलकुद परिषद गण्डकीले खेल प्रशिक्षक, प्राविधिक र खेल प्रशिक्षण केन्द्रहरुको सूचिकरण गर्न आह्वान गरेको छ।

परिषदले आइतबार एक सार्वजनिक सूचना प्रकाशित गर्दै ३५ दिन भित्र सूचिकृत हुन आह्वान गरेको हो । प्रकाशित सूचनामा भनिएको छ-"परिषद, वा सो अन्तर्गत जिल्ला खेलकुद विकास समिति वा स्थानिय पालिका खेलकुद विकास समिति र सम्वन्धित प्रदेश खेल संघहरुबाट संचालित खेलकुद प्रशिक्षण केन्द्र (तालिम) तथा प्रशिक्षकहरुले आफ्नो वायोडाटा सहित ३५ दिन भित्र सूचिकृत हुन आह्वान गरिन्छ।"

प्रकाशित सूचनामा प्रशिक्षकहरुको शैक्षिक योग्यता, प्रशिक्षण सम्वन्धि प्रमाणपत्र, प्रशिक्षण केन्द्रहरुको जानकारी, प्रशिक्षण गर्न आउने खेलाडीहरुको संख्या, विवरण र नामावली संगै प्रशिक्षण केन्द्रहरुको अनुमती पत्र, सम्वन्धित खेल संघको अनुमती समेत माग गरिएको छ । सूचना प्रकाशित भए संगै आगामी दिनमा गण्डकी प्रदेश भित्र आयोजनाहुने कुनै पनि स्तरका खेलकुद कार्यक्रमहरुमा प्रशिक्षण गर्नबाट सूचिकृत नभएका प्रशिक्षकहरु स्वतः बञ्चित हुनेछन्।

कास्कीमा हालै मात्र केही खेल संघहरुले प्रशिक्षणका नाउँमा खेलाडीहरु संग रकम उठाएको विषय अख्तियार दुरपयोग अनुसन्धान आयोगमा उजुरी परे संगै प्रदेश खेलकुद परिषदले प्रशिक्षक र प्रशिक्षण केन्द्रहरुलाई थप व्यवस्थित र मर्यादित बनाउन यस्तो सूचना प्रकाशित गरेको जनाइएको छ।

प्रकाशित सूचना बारे कुरा गर्दै प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले प्रदेशको खेलकुद क्षेत्रलाई थप व्यवस्थित बनाउन प्रदेश खेलकुद विकास ऐन २०७७ बमोजिम सूचना प्रकाशित गरिएको बताए। "यो सूचिकरण पछि प्रदेशमा रहेका विभिन्न खेलकुदका प्रशिक्षकहरुको संख्या, उनीहरुको योग्यता र क्षमतासंगै खेल तालिम केन्द्रहरुको विवरण जानकारी हामीलाई प्राप्त हुनेछ, जसबाट खेलकुद क्षेत्रलाई थप व्यवस्थित बनाउन सहज हुनेछ"- उनले भने।


परिषदले केही दिन अघि मात्रै रेफ्रि, जज र एम्पयारहरु सूचिकृत हुन सार्वजनिक सूचना प्रकाशित गरेको थियो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् । – सास विभोसन

## सम्पादकीय

# केन्द्रको छाँया प्रदेशमा पर्न नदिन लविङ

प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेश सभाका नेतृत्वको भेलाले संघीयता कार्यान्वयनका लागि केन्द्रीय राजनीतिको प्रभावमा प्रदेशलाई पर्न नदिन आग्रह गरेको छ । प्रतिनिधिसभा सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्ष र प्रदेश सभाका सभामुख, उपसभामुखको काठमाडौंको चन्द्रागिरीमा भएको दुईदिने बैठकले केन्द्रको छाया प्रदेशमा पर्न नदिन पहल गर्ने सम्झदारी बनाएको छ । बैठकले १२ बुँदे निष्कर्षको पहिलो बुँदा - संघीय संसद् र प्रदेश सभाहरूबीच पारस्परिक सिकाइ, साझा सवालहरूको पहिचान, सभाका कामकारवाहीहरूलाई थप पारदर्शी, पहुँचयोग्य, उत्तरदायी र प्रभावकारी बनाउँदै प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

कानुन कार्यान्वयनमा प्रभावकारिता ल्याउन कानून निर्माणकै क्रममा आवश्यकता र कार्यान्वयनको सम्भाव्यता अध्ययन गर्ने, निर्माण भैकसकेपछि कानून कार्यान्वयनको अवस्था मापन गर्ने कार्यको थालनी गर्ने । साथै सभा तथा समितिबाट दिइएका निर्देशनहरूको कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्ने कार्यलाई थप परिणाममुखी बनाउने र सो कार्यको लागि सभाहरूबीच आपसी सहकार्य गर्ने । भन्दै सहकार्यमा जोड दिएको छ । संसद्को अधिवेशन आह्वान, अन्त्य, अधिवेशनमा पेशहुने विधेयकहरू लगायत सरकारी कार्यसूचीमा रहने विषयहरूको सम्बन्धमा सरकारले सभाध्यक्षसँग परामर्श गर्ने पद्धतिको अवलम्बन गर्ने, साथसाथै सभाको कार्यबोझको जानकारी अधिवेशन अगावै सभाध्यक्षलाई दिनसरकारको ध्यानाकर्षण गराउने । निष्कर्ष महत्वपूर्ण छ । सरकारले सदनलाई काम नदिएको र समन्वय नगर्दा प्रणालीबारे नकारात्मक प्रचार हुने गरेको छ ।

चन्द्रागिरी भेलाले व्यवस्थापिकालाई आवश्यक पर्ने बजेट उपलब्ध गराउन ध्यानाकर्षण गराएको छ । व्यवस्थापिकालाई आर्थिक स्वायत्तताको प्रत्याभूति गर्न र कुनैपनि कारणबाट बजेटको अभाव हुन नदिने गरी व्यवस्थापन गर्न सरकारलाई ध्यानाकर्षण गराउने । संसद् र सचिवालयलाई भौतिक स्रोतका साथै पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापन गर्न गराउन प्रयत्न गर्ने ।निष्कर्ष निकालेको छ । राष्ट्रिय सभाको संघीयता कार्यान्वयन सम्बन्धी विशेष समितिको सिफारिस सम्बन्धमा सभाले दिएको निर्देशन कार्यान्वयनका लागि सरकारलाई ध्यानाकर्षण गराउने ।

नीति तथा कार्यक्रम एकातिर बजेट अर्कोतिर हुने परिपाटी रोक्न पनि भेलाले पूर्व बजेट छलफल र सरकारको वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा उठेका विषयहरू समावेश हुने अवस्थाको सुनिश्चिता गर्ने र उल्लिखित कार्यक्रमहरू हरेक आर्थिक वर्षको बजेट अधिवेशन अगावै सक्ने गरी व्यवस्थापन गर्ने ।निचोड निकालेको छ । संविधान प्रदत्त महिलाको हक अधिकार कार्यान्वयन गर्न र महिला सशक्तिकरणका लागिप्रतिनिधि सभाका उपसभामुखको नेतृत्वमा राष्ट्रिय सभाका उपाध्यक्ष र प्रदेश सभाका उपसभामुखहरू रहेको एक संसदीय संयन्त्र निर्माण गर्ने । साथै उपसभामुखहरूको कार्यबोझलाई विस्तृतीकरण गर्न पहल गर्ने । राष्ट्रिय सभा उपाध्यक्षले सहमतिमा असहमति जनाएकी छन्।हरेक कुरामा दलीय छायाँ पर्नु राम्रो होइन ।

संघीय लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढिकरण गर्न थप आवश्यक कानूनहरूको पहिचान र प्राथमिकिकरणसहित कानून निर्माण गरी प्रदेश सभालाई प्रभाकारी बनाउन आवश्यक पहल गर्ने । साथै संघीय शासन प्रणालीको भावना अनुकूल प्रदेश सभाका सभामुख र उपसभामुखको मर्यादाक्रमको पुनर्बिचार गर्न सरकारको ध्यानाकर्षण गराउने । अहिले प्रदेशले भोगेका अप्ठ्यारोलाई महसुस गरेर राजनीतिक नेतृत्वलाई संझाउन खोजेको छ।संघीय शासन प्रणालीमा संघ र प्रदेश स्वतन्त्र रहन्छन । सोही मान्यतालाई आत्मसात गर्दै संघीय संस्द्या हुने राजनीतिक फेरवदलका कारण प्रदेश सभा प्रभावित हुनेकुरालाई निरुत्साहित गर्दै केन्द्रिय प्रभावबाट मुक्त हुने वातावरणको लागि पहल गर्ने । सभा तथा सचिवालयका कामकारवाहीहरूलाई प्रविधिमैत्री बनाउन आफ्नै डाटा सेन्टर लगायत आवश्यक पुर्वाधार निर्माण गर्ने, डाटा प्राइभेसी र सेक्युरिटीलाई प्राथमिकता दिई कार्य सम्पादन गर्नेतर्फ पहल गर्दै सभा र सचिवालयलाई क्रमशः पेपरलेस बनाउदै लैजाने ।

संसदीय कामकारवाहीलाई प्रभावकारी बनाउन कार्यपालिकाबाट हस्तक्षेप हुन नहुने मान्यतालाई आत्मसाथ गर्दै प्रदेश सभामा कार्यरत कर्मचारीहरूको व्यवस्थापन छुट्टै कानून वमोजिम गर्न गराउन पहल गर्ने । संघीय संसद् र प्रदेश सभाका सदस्य र कर्मचारीको क्षमता तथा व्यवसायिकता अभिवृद्धि, अनुभव आदानप्रदान र अध्ययन भ्रमण जस्ता कामलाई प्रोत्साहित गर्ने । निष्कर्ष सामयिक छन्।संघीयता कार्यान्वयन र जनताप्रति जवाफदेही प्रणालीका लागि पनि भेलाका निष्कर्ष कार्यान्वयन हुनु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जगाइँदै लोप भएका लोककथा

-खेमराज गौतम
गलकोट, ७ साउन (रासस)

अहिले संयुक्त परिवार प्रायः भेटिँदैनन् । संयुक्त परिवार नभएपछि नातीनातिना र बाजेबज्यैको भेट बिरलै मात्र हुने गरेको छ । बाजेबज्यै काखमा कथा सुन्दै निदाउने चलन विस्तारै हराउँदै गएको छ ।

पुस्तान्तरणको अभावमा हराउन थालिएका बागलुङका लोककथा अब लिपिबद्ध हुने भएका छन् । बाजेबज्यैको मृत्युपछि पुस्तान्तरण अभावमा लोककथा तथा किम्बदन्ती हराउँदै गएपछि लोक कथा संरक्षणका लागि सङ्कलन तथा लिपिबद्ध गर्न थालिएको छ । रिड नेपालको आर्थिक सहयोग तथा विद्यामन्दिर पुस्तकालयको आयोजनामा बागलुङको कथा सङ्कलन तथा अभिलेखिकरणको काम गरिएको मात्रै छैन कथामा आधारित चित्रसमेत निर्माण गर्न थालिएको छ । बागलुङको काठेखोला गाउँपालिका-७ रेशका ईश्वरीप्रसाद गौतमले ‘ बाजेबज्यैको कथा मेरो चित्र’ अन्तर्गत विद्यामिन्दर पुस्तकालयमा बालबालिकालाई जम्मा गरेर ओदानको कथा सुनाउनुभयो । “कथामध्येको किम्बदन्ती कथा ओदानको कथामा बाइसेचौबिसे राज्यअन्तर्गत भूरे राजाका पालामा आकाशबाट चट्याङ खस्ने क्रममा प्राकृतिक ओदान खसेको थियो, उक्त ओदान खसेर तोरीखेतमा नाच्नेक्रममा एउटा खुट्टा भाँचिएपछि ओदान त्यही रह्यो”, गौतमले बालबालिकालाई कथा सुनाउँदै भन्नुभयो, “अहिले त्यस स्थानको नाम ओदानडाँडा नामकरण गरिएको छ, दुईखुट्टे ओदान त्यहाँ संरक्षित छ, । अहिले उक्त ओदान भएको स्थानलाई ओदानेश्वर मन्दिरको नामकरणसमेत गरिएको छ । अहिले त्यहाँ ओदान देख्न सकिन्छ । इतिहास र प्रमाणका आधारमा भनिएको किम्बदन्ती कथा बालबालिकाले पुनःलेखन मात्रै गरेनन् ओदानको कथासँग सम्बन्धित रहेर चित्रसमेत कोरेको छ । चार दिनसम्म चलेको ‘बाजेबज्यैको कथा मेरो चित्र’ कार्यक्रम अन्तरगत सङ्कलित एक दर्जन लोककथा सङ्ग्रह, पुनःलेखन र चित्रसहित ‘ बागलुङको कथा’ नामक पुस्तक प्रकाशन गरिने विद्यामन्दिर पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर थापाले जानकारी दिनुभयो । लोक कथाका चार विधामध्येको दन्त्यकथा सत्यतामा आधारित कथालाई बागलुङको परिवेशसँग जोडेर लोककथा संरक्षणसँगै लिपिबद्ध गर्न थालिएको वरिष्ठ बाल साहित्यकार प्राध्यापक डा ध्रुव घिमिरेले जानकारी दिनुभयो । “बागलुङको नामकरण कसरी भयो, ओदानको कथा, कालीका मन्दिर कसरी स्थापना भयो, सत्यवतीको कथा लगायतका एक दर्जन लोककथा बाजेबज्यैले सुनाउनुभएको छ, कथालाई बालबालिकाले लेखन तथा चित्रमा उतार्नुभएको छ, कथालाई काँटछाँट गरेर हामीले रिड नेपालको सहयोगमा प्रकाशनमा ल्याउनेछौँ”, घिमिरेले भन्नुभयो, “हामीले बाजेबज्यैसँग बालबालिकाको सामिप्यता बढाउन खोजेका छौँ, बागलुङको कथा रिड नेपाल अन्तरगतका पुस्तकालयमा उपलब्ध हुनेछ, जसले भावी पुस्ताका लागि ऐतिहासिक दस्तावेजको काम गर्ने छ, लोप भएका लोककथा जोगाउने छ ।” बाजेबज्यैको काखमा बसेर पुराना कथा र कहानी सुन्न पाउन छाडेपछि नयाँ पुस्तालाई यससम्बन्धी ज्ञान दिनका लागि बाजेबज्यैको कथा बालबालिकालाई सुनाउन थालिएको हो । कलिला बालबालिका इन्टरनेट र विदेशी संस्कृतिमा जोडिँदा आफ्नो संस्कृतिसमेत भुल्ने र एक्लिने प्रवृति बढेपछि यस्तो अवधारणा ल्याइएको रिड नेपालकी वरिष्ठ फिल्ड संयोजक विना गोलेले बताउनुभयो ।

गोलेका अनुसार रिड नेपालले १० वर्षदेखि लोक कथाको संरक्षण र दस्तावेजीकरण गर्दै आएकामा हालसम्म १४ जिल्लाका लोककथा सङ्ग्रह भइसकेको जानकारी दिनुभयो । उहाँले बागलुङमा थुप्रै लोककथा रहे पनि लिपिबद्ध नहुँदा हराउने भन्दा रिड नेपालले बागलुङको लोक कथा सङ्ग्रह प्रकाशन गर्न थालेको बताउनुभयो । लोककथा लोप भएर जाने खतरा बढेपछि बाजेबज्यैका कथा बालबालिकालाई सुनाउने र लिपिबद्ध गर्ने गरी बागलुङसँग सम्बन्धित एक दर्जन लोककथा सङ्ग्रह गरिएको हो । देशभर अभियान चलाएको रिड नेपालको सहकार्यमा बागलुङको विद्यामन्दिर पुस्तकालयले पनि बाजेबज्यैका कथामा बालबालिकालाई जोडेर लिपिबद्ध गर्न थालेको हो । साना बालबालिकालाई जिल्लाको सामाजिक, शिक्षा र जागरणका कथा सुनाउने पाको पुस्ता जुटाइएको थियो । त्यस्तै धार्मिकस्थलको कथा, महत्व र त्यसको संरक्षणमा गरिएका प्रयाससमेत पाको पुस्ताबाट बालबालिकालाई सिकाइएको छ । पढाइ, जागिर र अन्य बाध्यताले बाजेबज्यै र नातीनातिनीहरु एकै स्थानमा बस्ने अवसर नहुँदा पुस्तान्तरण हुनुपर्ने धेरै विषय रोकिएका कारण बाजेबज्यैको कथालाई पुस्तान्तरणको प्रयासस्वरूप यस्तो लोककथालाई सङ्ग्रह गरिएको हो । बालबालिकाले कथा सुन्ने र त्यसकै आधारमा इतिहास तथा समाजको चित्र कोर्ने विद्यार्थी उत्पादनमा रिड नेपालले देशभर अभियान चलाउँदै आएको छ । कला, संस्कृति र व्यवसायका लागि पुरानो पुस्ताले गरेको सङ्घर्षको कथा बाजेबज्यैको मुखबाट बालबालिकाले सुनाउने तथा सचित्र उतार्ने कार्यले हामी जस्ता बालबालिकाले आफ्नै घर आँगनको लुकेको विषयमा जानकारी पाइएको विद्यार्थी दिपेन पाण्डेले बताउनुभयो ।

एकल परिवारका रुपमा बस्न थालेपछि कथा र कहानी सुन्ने अवसर बालबालिकाले पाउन छाडेका छन् । त्यस्तै आफ्नै जाती, समुदायभित्रको कला, संस्कृति र परम्परा किन मानिएको हो भन्नेसमेत बालबालिकाले जान्न नसकेका कारण बाजेबज्यै र बालबालिकालाई जोड्न थालिएको हो ।

# म्याग्दीमा १३ पक्की पुल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ७ साउन

म्याग्दीका विभिन्न स्थानमा १३ पक्की पुल निर्माण भएका छन् । जिल्लाका ग्रामीण बस्तीलाई सहरसँग जोड्ने गरी सडकको पहुँच पुऱ्याउने उद्देश्यले गण्डकी प्रदेश र सङ्घ सरकारको लगानीमा १३ पक्की पुल निर्माण भएका हुन् ।

प्रदेश सरकारअन्तर्गतको भौतिक पूर्वाधार विकास कार्यालय म्याग्दीले १०, सङ्घीय सरकारअन्तर्गतको सडक डिभिजन कार्यालय बागलुङले दुई र राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइमार्फत एक पक्की पुल निर्माण गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख गुरुदत्त अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार छ पुल निर्माण सम्पन्न भई यातायातका साधन सञ्चालन भइसकेका छन् ।

अन्य पुल निर्माण सम्पन्न भए पनि औपचारिक रुपमा सञ्चालनमा आउन बाँकी रहेको अधिकारीले बताउनुभयो । उहाँका अनुसार अन्नपूर्ण गाउँपालिकाको हिस्तान र राम्चेलाई जोड्ने सन्सारी खोला पुल, मालिका गाउँपालिका केन्द्र दरवाङको छयाछ्रेको म्याग्दी खोलामा निर्माण भएको पुल र मराङ बैंसी अर्कला पुल निर्माणसँगै विकट ग्रामीण बस्ती पालिकाका केन्द्र र सदरमुकामसँग जोडिएका छन् ।

मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौरदेखि वडा नं ५ अर्मनलाई केन्द्रसँग जोड्न म्याग्दी खोलामा रू ११ करोड २४ लाख २५ हजार ५२ लागतमा निर्माण भएको पुलबाट यातायातका साधन सञ्चालन भइरहेका छन् । विसं २०७५ पुस २५ गते दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी लुम्बिनी प्राकृतिक जेभीसँग ठेक्का सम्झौता भएको थियो । कोरोना सङ्क्रमणका कारण निर्माण ढिला भएको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ । पुल ८० मिटर लम्बाइको छ ।

त्यस्तै, रू १० करोड ७२ लाख १२ हजार लागतमा बेनी नगरपालिका-४ सिङ्गादेखि मङ्गला गाउँपालिका-३ वरङ्जालाई जोड्ने पक्की पुल निर्माण भएको छ । उक्त पुलको लुम्बिनी प्राकृतिक जेभीले निर्माण गरेको हो । पूर्वाधार विकास कार्यालय म्याग्दीले मालिका-७ भारबाङघाटमा पक्की पुल निर्माण गरेको छ । भारवाङको पुल निर्माण गर्न देव एण्ड सायर बिएन जेभीसँग रू छ करोड २४ लाख २३ हजारमा ठेक्का सम्झौता भएको थियो । पश्चिम म्याग्दीको मालिका-५ र धौलागिरि-७ को सिमाना दाङखोलामा रू एक करोड ९३ लाखमा पक्की पुल निर्माण भएको छ । उक्त पुल निर्माणका लागि इन्द्रेणी फेवा जेभीले ठेक्का सम्झौता लिएको थियो ।

बिमदेखि मराङ र मल्कबाङलाई जोड्ने अर्कलामा रू दुई करोड ७२ लाखमा फेवा सावित्री जेभी पोखराले पुल निर्माणको जिम्मा लिएको थियो । म्याग्दीका विभिन्न बस्तीलाई सहरसँग जोड्ने गरी धमाधम पुल निर्माणले गति लिन थालेपछि स्थानीय उत्साहित भएका छन् ।

अब हामी पनि सहरदेखि टाढा छैनौँ भन्ने महसुस हुन थालेको छ मालिका-६ का प्रेम सिउथानीले बताउनुभयो । गाउँगाउँमा मोटर गुड्न थालेपछि बल्ल विकास भनेको यस्तो हुँदो रहेछ भनेर बुझ्न थालिएको स्थानीयको भनाइ छ ।

# प्रवासी नेपालीले मनाए भानु जयन्ती

रासस
काठमाडौं, ७ साउन

भारतको कोलकातामा आदिकवि भानुभक्त आचार्यको दुई सय १०औँ जन्मजयन्तीका अवसरमा यहाँका नेपालीभाषीले शनिबार विशेष कार्यक्रम आयोजना गरेका छन् ।

नेपाली जनकल्याण समितिको आयोजनामा पश्चिम बङ्गालको हावडास्थित सरत सदनमा भएको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई प्रमुख अतिथि र पश्चिम बङ्गाल सरकारका सहकारीमन्त्री अरुप राय विशेष अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । कुलपति राईले आफूले सानो हुँदा कथाका रूपमा सुनेको कोलकातामा भानुभक्तको यस प्रकारको महत्व र गतिविधि देखेर खुसी लागेको बताउनुभयो । उहाँले प्रज्ञा प्रतिष्ठानले आगामी दिनमा यस्ता कार्यक्रममा सहकार्य विस्तार गरी नेपाली रहेका स्थानमा नेपालको साहित्यप्रतिको रुचिबारे समाजशास्त्रीय अध्ययनमा ध्यान दिने जनाउनुभयो ।

प्रदेश मन्त्री रायले भानुभक्तका नाममा हावडामा सडकमार्ग नामकरणको निर्णय भइसकेको र भानुभक्तको प्रतिमा निर्माणका लागि पनि सघाउन तयार रहेको जानकारी दिनुभयो । भानुभक्तको तस्विरमा श्रद्धाञ्जलि दिएर सुरु भएको कार्यक्रममा प्राज्ञ परिषद् सदस्य डा मधुसुदन गिरी नेपाली महावाणिज्य दूतावासका उपमहावाणिज्यदूत कर्णप्रसाद तिमल्सिना, जनकल्याण समितिका प्रमुख सल्लाहकार धर्मराज बराल, प्राध्यापक डा सत्यप्रकाश तिवारी, प्रवासी नेपाली सङ्घ भारतका अध्यक्ष नारायणप्रसाद होमागाईँलगायतले आदिकविको व्यक्तित्व र कृतित्व देश-विदेशमा रहेका नेपालीमाझ फैलिएको र आदिकविका कारण नेपालीबीच साहित्यिक एकताको मार्ग बनेको उल्लेख गर्नुभएको थियो । सो अवसरमा साहित्यका योगदानका लागि कुलपति राईलाई समितिले अभिनन्दन गरेको थियो भने समितिको प्रकाशन ‘बिहानी’को २४औँ अङ्कको विमोचन गरिएको थियो । कविहरु धर्मराज बराल, मोहनकुमार सिंह, सञ्जीव गुरुङ, रामबहादुर कार्कीलगायतले भानुभक्तको रामायणसहित आफ्ना रचना वाचन गर्नुभएको थियो । पछिल्लो समयमा बरालले नेपाली र कोलकाताका साहित्यकारबीच सेतुको कार्य गर्दै आउनुभएको छ । समितिका सभापति बद्रीविक्रम थापाले लामो समयदेखि यहाँ विभिन्न सेवा र व्यवसाय गर्दै आएका नेपालीभाषीहरूको सहयोग र समन्वय भानुभक्त जयन्ती र अन्य मानवीय सहयोगका कार्यक्रम हुँदै आएको जानकारी दिनुभयो । राष्ट्रिय विभूति भानुभक्तको जन्मदिन हरेक असार २९ गते परे पनि साताव्यापी जयन्ती मनाइन्छ ।

शनिबार रातिसम्म चलेको कार्यक्रममा युवा र विद्यार्थीहरूले नेपाली र हिन्दी गीतमा मनमोहक सांस्कृतिक नृत्य र प्रस्तुति गरेका थिए ।

# हल गोरु पाल्ने कृषकलाई १० लाख अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, ७ साउन

तनहुँको म्याग्दे गाउँपालिकाले हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराएको छ । पछिल्लो समय गोरु पाल्ने प्रचलन हराउँदै जान थालेपछि गाउँपालिकाले हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराएको हो ।

गोरु पाल्ने क्रम घट्दा जग्गा बाँझो हुने क्रम बढेपछि कृषकलाई प्रोत्साहनका लागि रकम वितरण गरिएको गाउँपालिकाका पशुसेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिनुभयो । गाउँपालिकाले सातवटै वडाका कृषकलाई प्रोत्साहन स्वरुप रु १० लाख वितरण गरेको छ । गाउँपालिकाले हल गोरु पोषण अनुदानवापत सबै वडाका दुई सय ५० कृषकलाई जनही रु चार हजारका दरले प्रोत्साहन रकम वितरण गरेको हो ।

प्रोत्साहन रकम पाएपछि लम्पी रोगबाट प्रभावित भएका पशुहरुको संरक्षणमा सहयोग पुग्ने भन्दै कृषक खुसी भएका छन् । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले गोरु पाल्ने प्रचलन घट्दै जाँदा खेतबारी बाँझो हुन थालेपछि जग्गा बाँझो हुन नदिनका लागि पनि यो कार्यक्रम ल्याइएको बताउनुभयो । उहाँले भन्नुभयो, “प्रोत्साहन रकमले हलगोरु पाल्ने कृषक अझै बढ्ने विश्वास लिएका छौँ । गोरु पाल्ने क्रम बढ्दा खेतबारी बाँझो रहँदैन ।” गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले गोरुको प्रोत्साहनका लागि उपलब्ध गराइएको रकम गोरुको पोषणका लागि खर्च गर्न कृषकलाई सुझाव दिनुभयो । गाउँपालिकाले दुई हजार एक सय ९८ पशुलाई लम्पी स्कीन विरुद्धको खोप लगाइसकेको छ । पशुसेवा शाखा प्रमुख डा शाहका अनुसार गाई, गोरु, भैँसी, राँगालाई उक्त खोप लगाइएको हो । त्यस्तै पाँच सय १७ पशु वस्तुको उपचार गरिएको छ । गाउँपालिकाले दूध उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान रकम उपलब्ध गराएको छ । गाउँपालिकाको पशुसेवा शाखाको दूधमा अनुदान कार्यक्रमअन्तर्गत उत्पादनका आधारमा पालिकाले कृषकलाई रु १४ लाख ९८ हजार पाँच सय ८२ अनुदान रकम उपलब्ध गराएको छ । गाउँपालिकाले प्रति लिटर नौ रुपैँया २० पैसाका दरले उत्पादनका आधारमा अनुदान दिने नीति बमोजिम तीन वटा सहकारीमा आबद्ध कृषकलाई उत्पादनका आधारमा अनुदान रकम वितरण गरेको छ । म्याग्दे दुग्ध उत्पादक सहकारी संस्थामार्फत् दूध बिक्री गर्ने कृषकलाई रु ११ लाख २१ हजार एक सय ८५, गौसेवा दुग्ध उत्पादक सहकारीमार्फत दूध बिक्री गर्ने कृषकलाई रु दुई लाख १२ हजार दुई सय ३२ र साँगे चार हजार दुग्ध उत्पादक सहकारीमार्फत् दूध बिक्री गर्ने कृषकलाई रु एक लाख ६५ हजार एक सय ६३ रकम वितरण गरिएको पशु सेवा शाखाले जानकारी दिएको छ । म्याग्दे दुग्ध उत्पादक सहकारीले एक लाख २१ लाख आठ सय ६८ लिटर, गौसेवा दुग्ध उत्पादक सहकारीले २३ हजार ६८ र साँगे चार हजार दुग्ध उत्पादक सहकारीले १७ हजार नौ सय ५२ लिटर दूध उत्पादन गरी बिक्री गरेको हो । यो आर्थिक वर्षमा गाउँपालिकाबाट एक लाख ६२ हजार आठ सय ८९ लिटर दूध उत्पादन भएको छ । म्याग्दे अनुदान कार्यक्रममार्फत म्याग्दे सहकारीका ५५, गौ सेवा सहकारीका १० र साँगे चार हजार सहकारीका २२ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।

# कृषि शिक्षामा विद्यार्थीको आकर्षण घट्दो

**रासस**
भरतपुर, ७ साउन

नेपालमा कृषि शिक्षामा विद्यार्थीको आकर्षण घट्दै गएको छ । सरकारले प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच बढाउन पहल गर्दै आए पनि विद्यार्थीको आकर्षण भने घट्दै गएको हो । कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत रहेका आङ्गिक क्याम्पसहरूमा छुट्याइएको 'सिट'मा समेत विद्यार्थीको सङ्ख्या पुग्न सकेको छैन ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति डा पुण्य रेग्मी विद्यार्थीलाई देशमै भविष्य देखाउन नसके विदेसिनेको सङ्ख्या बढेर जाने बताउनुभयो । उहाँले कृषि क्षेत्रमा विद्यार्थीको आकर्षण कम भएको बारे गम्भीर बनेको जनाउँदै नीतिगत तहमा छलफल भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विश्वविद्यालय सुधार गरेर विद्यार्थी र अभिभावकलाई आकर्षण गराउने खालको बनाउनुपर्छ, बन्द हड्ताल र समयमै पढाइ नसकिने परिपाटीको अन्त्य हुनुपर्छ ।" विश्वविद्यालय परीक्षा नियन्त्रक कार्यालयका सहनियन्त्रक डा ईश्वरी लौडारीका अनुसार क्याम्पसमा आवश्यक सिटभन्दा पाँच सय ८४ विद्यार्थी कमी रहेका छन् । "विगतमा प्रवेश परीक्षा दिने विद्यार्थीको चाप थाम्न मुस्किल हुन्थ्यो । कुनै वर्ष पाँच हजारसम्मले प्रवेश परीक्षा दिएको तथ्याङ्क छ", उहाँले भन्नुभयो, "अहिले विद्यार्थी नभएर कोटासमेत पूरा भएको छैन ।" नेपालमा 'बिएससी एजी' पढाइ हुने क्याम्पस १६ छन् । त्यसमा नौ सरकारी र सातवटा निजी क्याम्पस छन् । त्यसमध्ये सबै क्याम्पसमा कोटा खाली छ । सातै निजी क्यामपसमा विद्यार्थीको सङ्ख्या शून्य छ । सरकारी क्याम्पसमा पनि विद्यार्थीको सङ्ख्या न्यून रहेको उहाँले बताउनुभयो । कृषि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका १६ क्याम्पसमा नौ सय ३४ विद्यार्थीको कोटा छ । त्यसमध्ये सरकारी क्याम्पसमा पाँच सय ५४ र निजी क्याम्पसमा तीन सय ५० रहेको छ । तर हाल तीन सय ५० विद्यार्थीले मात्र अध्ययन गरिरहेका छन् । हाल पढिरहेका विद्यार्थी पनि सरकारी क्याम्पसकै हुन् । अझै सरकारी क्याम्पसमा पनि दुई सय ३४ विद्यार्थीको कोटा खाली रहेको उहाँले बताउनुभयो । नवलपरासीको गैँडाकोटस्थित हिमछाया क्याम्पसमा स्नातक तहको कृषि र वन विषयको पठनपाठन हुन्छ । आठ वर्षअघि स्थापित यो क्याम्पसमा यस वर्ष कृषिमा विद्यार्थी नै भर्ना भएनन् । वन विषय अध्ययन गराउने ५० जनाको कोटा रहेकामा चार जनामात्रै भर्ना भए । अघिल्लो वर्ष भने २५ विद्यार्थी भर्ना भएका थिए । कलेजका निर्देशक छविलाल कँडेल विश्वविद्यालयले लिएको प्रवेश परीक्षामा ५० प्रतिशत पनि विद्यार्थी उत्तीर्ण नभएका कारण विद्यार्थी भर्ना हुन नसकेको बताउनुहुन्छ । कठिन प्रश्नावली, कृषि प्राविधिकको क्षेत्रमा सरकारले लामो समयसम्म विज्ञापन नखुलाउनु र कक्षा १२ पास भएपछि विद्यार्थीलाई विदेश पठाउने गरेका कारण नेपालको शिक्षा प्रणाली धरासायी बन्दै गएको उहाँको भनाइ छ ।

चौवन्न जनाको कोटा रहेको दैलेखको दुल्लुमा स्नातक तहको पहिलो वर्षमा कृषि पढ्ने विद्यार्थीको सङ्ख्या शून्य छ । यो क्याम्पस सरकारी हो । कृषि वन विज्ञान विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा समेत आवश्यक सिट सङ्ख्या पुग्न सकेको छैन । एक सय ७६ सिट सङ्ख्या रहेको क्याम्पसमा एक सय २७ जनाले मात्र पढिरहेका छन् । कास्कीको पुरन्चौरमा रहेको कृषि क्याम्पसमा कृषि पढ्ने विद्यार्थीको सिट सङ्ख्या ५४ थियो । त्यहाँ ४८ जनाले मात्र पढेका छन् । चौवन्न सिट सङ्ख्या रहेको महोत्तरीको बर्दिबासमा २२ जनामात्र विद्यार्थी छन् । चौवन्न सिट सङ्ख्या रहेका धनकुटा र कैलालीमा क्रमशः ३२ र ३१ विद्यार्थीले पढिरहेका छन् । उनान्चास सिट सङ्ख्या रहेको खजुरामा २९ र रोल्पामा २१ विद्यार्थी भर्ना भएका छन् । भर्ना भएकामध्ये पनि बीचमै छाड्ने विद्यार्थीको सङ्ख्या बढी नै रहेको छ । वीरेन्द्रनगर, ललितपुर, नवलपरासी, झापा, सुनसरी, बाँके र नवलपुरमा रहेका सातवटा क्याम्पसले कृषि पढाउनका लागि सम्बन्धन प्राप्त गरेका छन् । यी क्याम्पसको सिट सङ्ख्या तीन सय ५० थियो । तर अहिले विद्यार्थीको सङ्ख्या शून्य रहेको छ । भर्ना भएकामध्ये पनि करिब २० प्रतिशतले बीचमै छाड्ने गरेको विश्वविद्यालयले जनाएको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालयमा हुने राजनीतिक बेथिति, विदेश मोहलगायतका कारणले पनि विद्यार्थीको सङ्ख्या घट्दै गएको कृषि विज्ञहरूले बताएका छन् ।

नेपालमा अझै अध्ययन सँगसँगै रोजगारी गर्ने अवसर कम छ । त्यही कारण धेरै विद्यार्थी अध्ययन गर्न विदेश जाने गरेको विश्वविद्यालयका निर्देशक डा ऋषिराम कट्टेल बताउनुहुन्छ । उहाँले विद्यार्थी भर्ना गर्न र टिकाउनका लागि पढ्दै कमाउँदै गर्ने वातावरण बनाउनुपर्ने बताउनुभयो । विश्वविद्यालयका कृषि सङ्कायका डिन प्रा डा अर्जुन श्रेष्ठ देशैभरि स्नातक पढ्ने विद्यार्थीको चाप घट्दै गएको बताउनुहुन्छ । "देशमा कक्षा १२ पढेपछि बाहिर जान थाले । सबै विश्वविद्यालयमा स्नातक तह पढ्ने विद्यार्थीको सङ्ख्या घट्दो छ", उहाँले भन्नुभयो, "त्रिविले अधिकांश क्याम्पस समायोजन गर्दै छ ।" यद्यपि कृषिमा विद्यार्थीको आकर्षण बढाउने खालका सुधारका योजना विश्वविद्यालयले बनाइरहेको उहाँले बताउनुभयो ।

# अदुवा र बेसारखेतीतर्फ कृषकको आकर्षण

**पोखरापत्र संवाददाता**
दमौली, ७ साउन

तनहुँको घिरिङ गाउँपालिकाका कृषक अदुवाखेतीतर्फ आकर्षित भएका छन् । गाउँपालिकाले उत्पादनका आधारमा अनुदान दिन थालेपछि कृषक यसतर्फ आकर्षित भएका हुन् । निर्वाहमुखी खेती गरिरहेका कृषकलाई व्यावसायिक बनाउन गत वर्षदेखि गाउँपालिकाले अनुदानको नीति कार्यान्वयनमा ल्याएको छ ।

घिरिङ -१ अत्रौलीका रोमनाथ पोखेलले केही समयदेखि निर्वाहमुखीरूपमा अदुवाखेती गर्नुभएकामा अहिले त्यसलाई व्यावसायिक बनाउनुभएको छ । हाल उहाँले दुई रोपनी क्षेत्रफलमा खेती गरिरहनुभएको छ । उहाँले भन्नुभयो, " रोपनीभन्दा माथिको जग्गामा खेती गर्नेलाई अनुदान दिने व्यवस्था ल्याएपछि खेतीलाई विस्तार गरेँ । अनुदानले हामीजस्ता कृषकलाई राहत मिल्छ ।" घिरिङ -२ चिन्नेखोलाका शेरबहादुर थापाले पनि सुरुमा निर्वाहमुखी रूपमा मात्रै अदुवाखेती गर्नुभएकामा गत वर्षदेखि अदुवाखेतीलाई व्यावसायिक बनाउनुभएको छ । घिरिङ गाउँपालिकाले अदुवाखेती गर्ने कृषकलाई अनुदानको व्यवस्था गरेपछि थापाले अदुवाखेतीलाई व्यावसायिक बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "अदुवाखेती गरेको त थुप्रै वर्ष भयो तर बेच्ने हिसाबले भन्दा पनि आफैँले प्रयोग गर्ने गरी खेती गरिरहेको थिएँ । तर स्थानीय सरकारले व्यावसायिकरूपमा खेती गर्नेलाई अनुदान दिने व्यवस्था मिलाएपछि यसलाई व्यावसायिक बनाउनेतर्फ लागेँ ।" हाल उहाँले चार रोपनी क्षेत्रफलमा अदुवाखेती गरिरहनुभएको छ ।

घिरिङ गाउँपालिकाले अदुवा र बेसारखेती गर्ने कृषकलाई अनुदानको व्यवस्था मिलाएपछि कृषक यसतर्फ आकर्षित भएका छन् । गाउँपालिकाले एक सय ४४ जना अदुवा कृषकलाई प्रतिव्यक्ति रु पाँच हजारका दरले रु सात लाख २० हजार वितरण गरेको छ । गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले घिरिङमा उत्पादित अदुवा विभिन्न जिल्लामा निर्यात गर्न सकिने बताउँदै कृषक व्यावसायिक बन्नुपर्ने उल्लेख गर्नुभयो । प्याज पाँच सय किलो, लसुन दुई सय ५० किलो र बेसार पाँच सय किलोभन्दा बढी उत्पादन गर्नेलाई समेत रु पाँच हजार अनुदान दिने व्यवस्था गरिएको अध्यक्ष थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "कृषकलाई कृषिमा प्रोत्साहन गर्न यो कार्यक्रम सुरु गरिएको हो ।"

सबैभन्दा बढी वडा नं ५ का कृषकले सो अनुदान प्राप्त गरेका छन् । वडा नं ५ मा ८९ जना, वडा नं ४ मा दुई, वडा नं ३ मा ४७ र वडा नं २ का छ जना कृषकले उक्त रकम प्राप्त गरेको कृषि शाखा प्राविधिक सहायक समीक्षा ढकालले जानकारी दिनुभयो । यसैगरी जिल्लाको व्यास नगरपालिका-८ रिस्तीका कृषक बेसारखेतीमा आकर्षित भएका छन् । अन्य खेती बाँदरले खाएर हैरान भएपछि त्यसको विकल्पमा कृषकले बेसारखेती सुरु गरेका छन् । बीस जना कृषकले दुई सय रोपनी जग्गामा बेसारखेती गरेको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । जग्गा बाँझो नराख्न र आयआर्जनमा जोड्ने उद्देश्यले कृषकलाई बेसारखेतीका लागि प्रोत्साहन गरिएको तिवारीको भनाइ छ ।

# परम्परागत शैलीलाई व्यावसायिकतामा ढाल्दै किसान

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ साउन

जिल्लामा व्यावसायिक पशुपक्षी पाल्ने किसानको सङ्ख्या वृद्धि भएको छ । आर्थिक वर्ष २०७८/०७९ को तुलनामा आव २०७९/०८० मा व्यावसायिक फार्म सञ्चालन गर्ने किसानको सङ्ख्या वृद्धि भएको हो ।

गत वर्षभन्दा आव २०७९/८० मा जिल्लाभर ३७ पशुपक्षी फार्म थप भएका छन् । वैदेशिक रोजगारीबाट फर्केका, सरकारको लागत अनुदान पाएका र परम्परागत शैलीलाई व्यावसायिकतामा ढालेका किसानले फार्म वृद्धि गरेका हुन् ।

जिल्लाभर सात सय ४७ फार्मले व्यावसायिकरूपमा पशु तथा पक्षीजन्य उत्पादन गरिरहेका छन् । आव २०७८/०७९ मा यो सङ्ख्या सात सय १० मात्रै थियो । "किसानले विस्तारै व्यावसायिक बन्न सिक्नुभएको छ, व्यावसायिक उत्पादनले मात्रै आम्दानी गर्न सकिन्छ भन्ने चेतना किसानलाई छ", भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले भन्नुभयो, "फार्मको सङ्ख्या वृद्धि हुनु खुसीको कुरा हो, फार्म वृद्धि हुँदा हामी मासु र दूधमा आत्मनिर्भर छौँ ।"

उहाँका अनुसार बागलुङमा अघिल्लो आवमा सबैभन्दा धेरै 'ब्रोइलर' कुखुरा फार्म थप भएका छन् । एकै आवमा १२ फार्म थप हुँदा ब्रोइलर कुखुरा फार्मको सङ्ख्या एक सय १९ पुगेको उहाँले बताउनुभयो । व्यावसायिकरूपमा बाख्रा पाल्ने किसानको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको छ । गत आवमा मात्रै १० व्यावसायिक बाख्रा फार्म सञ्चालनमा आएका छन् । बागलुङमा बाख्रा फार्मको सङ्ख्या एक सय ९७ पुगेको छ । गाई फार्म ७२, भैँसी फार्म ८५, भेडा फार्म २९ र बङ्गुर फार्म एक सय दुईबाट वृद्धि भएर एक सय सात पुगेका छन् ।

त्यस्तै लेयर्स कुखुराको फार्म ३२, स्थानीय कुखुरा फार्म ४० र माछा फार्म ४९ पुगेका छन् । पशुजन्य उत्पादनका लागि आवश्यक घाँस फार्मको सङ्ख्या पाँच रहेको छ भने मिश्रित फार्म सात र अन्य पशुपक्षीजन्य फार्म तीन छन् । जिल्लाभर कुल ४३ हजार ६५ किसान पशुपक्षी पालनमा संलग्न रहेको तथ्याङ्क केन्द्रसँग रहेको पशुसेवा विज्ञ केन्द्र प्रमुख सापकोटाले बताउनुभयो । "जिल्लाभर बाख्रा पाल्ने किसानको सङ्ख्या सबैभन्दा धेरै छ, गाईभैँसी, कुखुरा र बङ्गुर पाल्ने किसान क्रमशः दोस्रो, तेस्रो र चौथो स्थानमा हुनुहुन्छ", उहाँले भन्नुभयो, "विविध कारणले फार्मकत्रो सङ्ख्या बढेको भए पनि पशुको सङ्ख्या भने घट्दो छ ।" बङ्गुर, गाई, कुखुरालगायतमा सङ्क्रामक रोगको प्रभावलगायतका कारण सङ्ख्या घटेको उहाँले बताउनुभयो । पशुपक्षीजन्य फार्मको विस्तारसँगै बागलुङ दूध र मासुमा आत्मनिर्भर भएको छ । दुई लाख ४९ हजार दुई सय ११ जनासङ्ख्या रहेको जिल्लामा प्रतिव्यक्ति वार्षिक ९१ लिटर दूधको आवश्यकता हुनेमा जिल्लाभरको उत्पादनको हिसाबले प्रतिव्यक्ति ९२ दशमलव पाँच लिटर दूध उपलब्ध हुन्छ । अढचालीस अण्डा प्रतिव्यक्ति प्रतिवर्ष आवश्यकता हुनेमा ४४ अण्डामात्रै जिल्ला उत्पादनले पुग्ने गरेको जनाइएको छ ।

# पहिलेको चरन क्षेत्र बन्यो पर्यटकीय गन्तव्य

**-डम्मर बुढामगर**
गलकोट, ७ साउन (रासस)

समथर मैदानको चारैतिर सल्लाका रुखले घेरिएको हरियाली घाँस र बुट्यानले टाकुराको सुन्दरतामा चमक थपिएको छ । हिउँद र बर्खामा निकै आकर्षक देखिने टाकुरा पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ ।

खासगरी यो याममा धेरैलाई शीतलता प्रदान गर्ने छहारी बनेको छ टाकुरा । बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङ बजारभन्दा केहीमाथि यो टाकुरा पर्छ । टाकुरा उच्च पहाडको शिरमा समथर भू-भागमा फैलिएको छ । तलपट्टी गाउँबस्ती छन्, त्यसभन्दा माथि बस्ती छैन । पर्यटकीयस्थल नरसिंहकोटको सामिप्यतामा रहेको टाकुरा यसकारण पनि पछिल्लो समय एक आकर्षक गन्तव्य बन्दै गएको छ ।

जिल्लाको निसीखोला गाउँपालिका-७ राजकुटमा पर्ने टाकुरामा चैतदेखि नै आन्तरिक पर्यटकको आगामन हुने गर्छ । निसीखोला र बडिगाड गाउँपालिकाको सङ्गमस्थलमा पर्ने यो एक खुला चौर हो । पहिले पशु चौपाया चरन क्षेत्रका रुपमा रहेको टाकुरा अहिले घुमफिर गर्ने उत्कृष्ट गन्तव्यका रुपमा विकास भएको छ । वरपर रुख र बीचमा खाली समथर मैदान छ । यो मैदानले धेरैलाई आकर्षित गर्छ । अझ वर्षातका बेलामा त झन् त्यस वरपरको हरियाली वातावरणले मनै लोभ्याउँछ ।

ऐतिहासिक क्षेत्र नरसिंहकोटसँग जोडिएको टाकुरा पिकनिकका लागि निकै उपयुक्त स्थानका रुपमा मानिन्छ । आन्तरिक पर्यटक यहाँ हरेक मौसममा पुग्ने गरेका छन् । शनिबार तथा बिदाको समयमा व्यापारी र अन्य नागरिक यहाँ घुम्न जाने गरेका छन् ।

नरसिंहकोटदेखि करिब एक किलोमिटर र बडिगाडको भिमगिठे बजारदेखि करिब तीन किलोमिटरको दूरीमा रहेको टाकुरामा बागलुङलगायत गुल्मीदेखि पनि आन्तरिक पर्यटक रमाउन आउने गरेका छन् । तराई-पहाड जोड्ने राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकको नजिकै पर्ने यो टाकुरा पर्यटकीय गन्तव्यका रुपमा विकास हुन थालेपछि स्थानीसमेत हर्षित छन् । भीमगिठे, राजकुट र बुर्तिबाङदेखि यहाँ सिधैँ पुग्न सकिन्छ । यहाँसम्म पुग्ने मोटरबाटो त निर्माण भएको छैन, तर गोरेटो बाटोमार्फत नै पदैलयात्रा गरेर पर्यटक यहाँ पुग्ने गरेका छन् । अझ 'ट्रेकिङ' गर्नेका लागि त झन् यो स्थान अति उपयुक्त मानिन्छ । विगतका वर्षभन्दा पछिल्लो दुई वर्षयता यहाँ घुम्न आउनेको सङ्ख्यामा वृद्धि भएको स्थानीय तिलबहादुर विकले जानकारी दिनुभयो । अहिले नरसिंहकोट आउने सडक सहज भएको र यहाँ आउने अधिकांश आगन्तुक टाकुरा पुग्ने गरेको उहाँको भनाइ छ । बर्खाको समय पनि मान्छे हरियाली घाँसमा फोटो, भिडियो खिच्न र रमाइलो गर्न आउने गरेको विक बताउनुहुन्छ । नरसिंहकोटदेखि टाकुरालाई सडक सञ्जालले जोड्न सके बढीभन्दा बढी पर्यकट भित्र्याउन सकिने विकको भनाइ छ । उहाँ भन्नुहुन्छ, "पहिले-पहिले यो ठाउँमा गाईभैँसी चराउने गरिन्थ्यो, अहिले त मान्छेको भीड लाग्छ, अझ चाडपर्व र बिदाको दिन हुनुपर्छ, धेरै मान्छे आउने, गीत बजाउने नाच्ने गर्छन्, अहिलेसम्म मोटरबाटो पुगेको छैन, तर मान्छेहरु हिँडेरै जान्छन्, पहिले नरसिंहकोट आउने यहीबाटै फर्किने गर्थे, टाकुराको नामै सुनिदैनथ्यो, अहिले निकै चर्चित बन्यो, जसले पनि टाकुरा जाने भन्छन्, चाडवाडका बेला त तीन/चार सय मान्छे आउँछन् ।"

निसीखोला गाउँपालिकाले ऐतिहासिक नरसिंहकोटसँग टाकुरालाई जोड्न सके पर्यटन विकासमा टेवा पुग्ने थियो । टाकुराबाट देखिने अगिन्ती दृश्यले आगन्तुकलाई लोभ्याउने गरेको छ । यसको विकासका लागि सडकसँगै पर्यटन पूर्वाधार निर्माण गरिने निसीखोला-७ का वडाध्यक्ष दीपक कुवँरले बताउनुभयो । अध्यक्ष कुँवरले एतिहासिक नरसिंकोटमा धेरै भौतिक संरचना निर्माण भएको भन्दै नरसिंहकोट र टाकुरालाई जोडेर पर्यटकीय हबका रुपमा विकास गर्ने बताउनुभयो ।

"पछिल्लो समय नरसिंहकोट र टाकुरामा आन्तरिक पर्यटकको आकर्षण बढेको छ, नरसिंहकोटमा विगतदेखिनै धेरै संरचना बन्दै आए, अब करिब-करिब पूरा हुने चरणमा छ, टाकुरामा अहिले कुनै पनि पूर्वाधार निर्माण भएका छैनन्, संरचना नबन्दा पनि नरसिंहकोट आउने पर्यटक टाकुरासम्म पुग्ने गरेका छन्, त्यहाँ जाने मोटरबाटो निर्माण भएको छैन, सडक सजिलो भयो भने अझ धेरै पर्यटक भित्र्याउन सकिन्छ", अध्यक्ष कुँवरले भन्नुभयो, "यसपाली प्रदेश सरकारसँग बजेट माग गरेका छौँ, केही बजेट प्रदेशको र पालिकाबाट केही मिलाएर सडक निर्माण गर्नुपर्ने छ, सुरुवाती चरणमा छौँ, काम गर्दै जाने योजना बनाइरहेका छौँ ।"

सडक निर्माण गर्दा टाकुराको सौन्दर्य कुरुप बन्ने हुँदा व्यवस्थितरुपमा काम गर्ने अध्यक्ष कुँवरको भनाइ छ । आवश्यक ठाउँमा पदमार्ग, शौचालय र खानेपानीको व्यवस्थापन गर्न बाँकी रहेको हुँदा विभिन्न निकायसँग सहकार्य गरेर काम गर्ने उहाँ बताउनुहुन्छ ।

# याकचौँरीलाई लम्पी स्किनविरुद्धको खोप

**पोखरापत्र संवाददाता**
मनाङ, ७ साउन

हिमाली जिल्ला मनाङका पशुमा लम्पी स्किनको सङ्क्रमण फैलिएसँगै खोप लगाउन थालिएको छ । जिल्लामा पहिलो पटक असार २४ गते पशुमा सङ्क्रमण देखिएपछि रोग लाग्नु अगावै खोप लगाउन थालिएको हो ।

मनाङका याकचौँरीलाई लम्पी स्किनबाट सुरक्षित बनाउन लम्पी स्किन विरुद्धको खोप लगाउन थालिएको भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र मनाङका प्रमुख नारायण कुसुमले जानकारी दिनुभयो । उहाँका अनुसार ८९ गाई, ९६ गोरु र याक, नाक (झोपा) तथा चौँरी गरी ५१ लम्पी स्किन विरुद्धको खोप लगाइसकिएको उहाँले बताउनुभयो । "लम्पी स्किनको सङ्क्रमण धेरै नफैलियोस् भनेर खोप लगाउन थालिएको छ, यसको नियन्त्रणका लागि भेटेरिनरी अस्पतालले खोपको व्यवस्थापन गरिरहेको छ", प्रमुख कुसुमले भन्नुभयो, "लम्पी स्किन रोग नियन्त्रण गर्न खोप र अन्य आवश्यक सामग्री भेटेरिनरी अस्पतालमा ल्याइएको छ ।" यहाँका पशुलाई लगाउन लम्पी स्किन विरुद्धको भेटेरिनरी अस्पतालले दुई हजार डोज खोप ल्याइसकेको उहाँले बताउनुभयो ।

नासोँ गाउँपालिकामा ३६, चामे गाउँपालिकामा ९६ र मनाङ डिस्याङ गाउँपालिकामा एक सय १४ पशुमा खोप लगाइसकिएको उहाँले जानकारी दिनुभयो । नार्पाभूमि गाउँपालिकामा बाहेक अन्य पालिकामा सङ्क्रमण फैलिएकाले यहाँका पुशलाई खोप लगाइएको उहाँले बताउनुभयो । चामे-२ स्थित थानचोक, मनाङ डिस्याङको हुम्देस्थित क्युपार र नासोँ-२ को नाचे आलुबारीका पुशमा सङ्क्रमण देखिएको छ ।

# 'माइतीको पोषिलो कोसेली' : कोसेलीमा घिउ, अन्डा र न्यानो पछ्यौरी

**पोखरापत्र संवाददाता**
गोरखा, ७ साउन

गोरखाको अजिरकोट गाउँपालिकाले गर्भवती र गर्भमा रहेका शिशुको पोषण सुधारका लागि गर्भवतीलाई लोकल भैँसीको घिउ र अन्डा वितरण गर्दै आएको छ । गर्भवती र गर्भमा रहेका शिशुको पोषणमा कमी हुन नदिन 'माइतीको पोषिलो कोसेली' कार्यक्रमअन्तर्गत पालिकाभित्रका गर्भवतीलाई लोकल भैँसीको घिउ र अन्डा वितरण गर्दै आएको गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले जानकारी दिनुभयो ।

"पोषिलो खानेकुराको अभावमा गर्भवती र गर्भमा रहेको शिशुको शारीरिक तथा मानसिक वृद्धिविकासमा असर परिरहेको हुन्छ", उहाँले भन्नुभयो, "बालबालिकालाई कुपोषणबाट जोगाउनका लागि गर्भमा रहँदादेखि नै ध्यान पुर्‍याउन सकियोस् भन्ने उद्देश्यले 'माइतीको पोषिलो कोसेली' कार्यक्रम सञ्चालन ल्याइएको हो ।" कार्यक्रमअन्तर्गत पालिकाभित्रका स्वास्थ्य संस्थामा गर्भ परीक्षणका आउने गर्भवतीलाई पोषिलो आहार वितरण गर्ने गरिएको उहाँले बताउनुभयो ।

"पोषण सुधारका लागि सञ्चालित 'माइतीको पोषिलो कोसेली' कार्यक्रमअन्तर्गत गाउँमै उत्पादित लोकल भैँसीको घिउ र अन्डा गर्भवतीलाई प्रदान गर्ने गरिएको छ", गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख ठाकुर भट्टले भन्नुभयो, "गर्भ परीक्षण गराउन आएको पहिलो, तेस्रो र चौथो भेटमा प्रत्येक पटक एक-एक मानाका दरले लोकल घिउ र एक-एक क्रेट अन्डा उपलब्ध गराउने गरिएको हो ।" स्थानीयस्तरमा उत्पादन भएको घिउमा मिसावट नहुने र पोषणयुक्त हुने भएकाले गाउँपालिकाले स्थानीय उत्पादन नै खरिद गरेर गर्भवतीलाई वितरण गर्दै आएको शाखा प्रमुख भट्टले बताउनुभयो । चौथोपटकको भेटमा सुत्केरी गराउन आएका बेला भने भैँसीको घिउ र अन्डासँगै न्यानो पछ्यौरीसमेत प्रदान गर्ने गरिएको उहाँको भनाइ छ । कार्यक्रमले गर्भवतीलाई नियमित गर्भ परीक्षण गराउन प्रोत्साहनसमेत मिलेको शाखा उहाँले बताउनुभयो । "नियमित गर्भ परीक्षण गराए आमा र शिशुको स्वास्थ्य अवस्थाका बारेमा पनि जानकारी हुने र गाउँपालिकाबाट पोषण सामग्री पनि पाउने भएपछि नियमित गर्भ परीक्षण गराउनुपर्छ भन्ने सोचको विकास पनि हुँदै गएको छ", उहाँले भन्नुभयो, "यसबाट गर्भवतीलाई स्वास्थ्य सुरक्षामा ध्यान पुर्‍याउन पनि सजिलो भएको छ ।"